अन्नपूर्ण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर म्याग्दी
गण्डकी प्रदेश नेपाल

सम्पर्क नं ९८५७६८३८१०
Email: ito.annamun@gmail.com
Web:annapurnamunmyagdi.gov.np

प.सं :-०८०/०८१
च.नः- 236

मिति: २०८१/०६/०९
ने.सं११४४,ञलाग ८ बुढवार

श्री वडा अध्यक्षज्यू, (सवै वडा)

अन्नपूर्ण,गाउँपालिका, म्याग्दी

**बिषयः रोजगार उपभोक्ता समिति गठन सम्वन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत ताहाँ वडा अन्तर्गतका ऋमागत ७ जना सूचिकृत वेरोजगार व्यक्तिहरुको (एक परिवारवाट एक जना मात्र ,६० प्रतिशत १८ देखि ४० वर्ष उमेर समूहका व्यक्ति जसमा महिलाको सहभागिता पनि ६० प्रतिशत हुनुपर्ने) प्रत्यक्ष संलग्नतामा तपशिलका आयोजनाहरु सञ्चालन गरी गुणस्तरीय ढंगले निर्धारित समय भित्रै सम्पन्न गर्न गराउनकालागि तपाईको अध्यक्षता एवम् वडा समिति सदस्यहरु समेतको उपस्थितिमा भेला आयोजना गरी रोजगार उपभोक्ता समिति गठन मार्गदर्शनका आधारमा रोजगार उपभोक्ता समिति गठन गरी प्रधानमन्त्री रोजगार कार्यक्रमलाई अगाडि बढाई दिन हुन अनुरोध छ।

रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः

श्री रोजगार सेवा केन्द्र अन्नपूर्ण गा.पा अनिवार्य उपस्थित भई तोकिएको कार्य सम्पन्न गराउनु हुन ।
श्री आर्थिक प्रशासन शाखा अन्नपूर्ण गा.पा जानाकारीका लागि अनुरोध छ ।
श्री सूचना प्रविधि शाखाः वेवसाईटमा अपलोड गरिदिनुहुन ।

**संलग्न कागजात**

१,रोजगार उपभोक्ता समिति गठन सम्बन्धी मार्गदर्शन

२,सूचिकृत वेरोजगार व्यक्तिको विवरण

३,आयोजनाहरुको विवरण

नोटः आयोजना कार्यान्वयनमा लाग्ने आवश्यक सामाग्री र औजारको व्यवस्थापन सम्वन्धित वडाले गर्नुपर्नेछ ।

१०. **आयोजना स्थलः** यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भएसम्म एउटा वडाभित्र मात्रै सञ्चालन गर्नु पर्नेछ । सो सम्भव नभएको अवस्थामा एक आपसमा सिमा जोडिएका वडामा सञ्चालन गर्न सकिनेछ ।

११. **रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्थाः** (१) यस कार्यविधि बमोजिम रु. एक लाख भन्दा बढी लागतको आयोजना सञ्चालन गर्न सम्बन्धित स्थानीय तहले आयोजनागत रुपमा खटाइएका श्रमिकहरु मध्येबाट एक जना अध्यक्ष, एकजना सचिव र एकजना कोषाध्यक्ष सहित बढीमा सात सदस्यीय रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा (३) बमोजिमका आयोजना कार्यान्वयन गर्दा रोजगार उपभोक्ता समिति गठन गरी वा अन्य उपयुक्त माध्यमबाट आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा स्थानीय तहको कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा एक जना र अन्य सदस्यहरुमध्ये कम्तिमा २ जना महिला हुनु पर्नेछ । तर रोजगारीमा खटिएका बेरोजगार ब्यक्ति मध्ये महिला बेरोजगार नरहेमा समावेशीताको आधारमा उपभोक्ता समिति गठन गर्न सकिनेछ ।

(४) रोजगार उपभोक्ता समितिमा रहने ब्यक्तिको योग्यता:-

(क) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ख) कुनै पनि राजनीतिक दलको कार्यकारी पदमा नरहेको,

(ग) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको ।

(५) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ । यदि आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा सम्बन्धित स्थानीय तहका वडाहरुमध्ये आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्येबाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधिभर मात्र रहनेछ ।

(७) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नु पर्नेछ । उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन् ।

(८) सम्बन्धित स्थानीय तहले आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न तीन दिनको समय दिनु पर्नेछ । सो समयभित्र सहमति कायम हुन नसकेमा सम्बन्धित स्थानीय तहले नै अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्नु पर्नेछ ।

१२. **रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछः

(क) स्थानीय तहसँग आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख राख्ने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक जानकारी दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी स्थानीय तहबाट सो बराबरको रकम सिधै श्रमिकको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने ।

तर निर्देशिकाको दफा २८ (२) बमोजिम बैंकको शाखा नपुगेका स्थानीय तहमा बैंक खाता मार्फत भुक्तानी गर्न सम्भव नभएको विशेष अवस्थामा श्रमिकको पारिश्रमिक स्थानीय तहबाटै श्रमिकलाई भरपाई गराई नगदै वितरण गर्ने व्यवस्था मिलाउन आवश्यक सहजीकरण गर्नुपर्नेछ।

१३. **श्रमिकहरुको समूह गठन गरी काममा लगाउनु पर्नेः** रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा निर्देशिकाको दफा २५ बमोजिमको श्रमिक समूह गठन गरी काममा परिचालन गर्नु पर्नेछ ।

१४. **बैंक खाता सञ्चालन सम्बन्धमाः** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य खर्च व्यवस्थापन गर्नु पर्ने भएमा आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नु पर्नेछ ।

(२) अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट समितिको बैंक खाता सञ्चालन हुनेछ ।

(३) यस कार्यविधि बमोजिमका आयोजनामा हुने खर्चको भुक्तानी बैंक मार्फत गर्नु पर्नेछ ।